'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'
www.namastekarnali.com
# नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : ६३ बुधवार १४ कार्तिक, २०८१ 30 (Wednesday) October 2024 पृष्ठ ४, मूल्य रु : १०।-

### कोहलपुर उवासंघमा आज देखि नयाँ नेतृत्व
## उद्योग, पर्यटन तथा यातायात मन्त्रीको प्रमुख आतिथ्यतामा पदभार हस्तान्तरण

नमस्ते समचारदाता
कोहलपुर, कार्तिक/१३




यही कार्तिक ३ गते सम्पन्न भएको कोहलपुर उद्योग वाणिज्य संघका नव निर्वाचित पदाधिकारी तथा सदस्यहरुले आज(बुधबार) सपथग्रहण सँगै पदभार समेत संहाल्ने छन् । आज(बुधबार) कोहलपुर उद्योग वाणिज्य संघको सभाहलमा लुम्बिनि प्रदेश सरकारका उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड बिक्रम न्यौपानेको प्रमुख आतिथ्यतामा दिउसो ३ बजे नव निर्वाचित कार्यसमितिका पदाधिकारी तथा सदस्यहरुको सपथग्रहण र पदभारबहाली हुने कार्यक्रम आयोजना गरिएको उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मण पौडेलले जानकारी गराएका छन् । पौडेलका अनुसार आज (बुधबार) नै नव निर्वाचित कार्यसमितिलाई सपथग्रहण सँगै स्वागत तथा उद्योग वाणिज्य संघको निर्णय पुस्तिका र पदआसन (पदाधिकारीहरु बस्ने आ-आफ्नो आसन) हस्तान्तरण गरिने भएको छ । नयाँ कार्यसमितिले पुरानो कार्य समितिलाई धन्यवाद ज्ञापन सहित विदाई गर्ने कार्यक्रम भएको बताए । उद्योग वाणिज्य संघको कार्यक्रम पश्चात बुधबार प्रदेश सरकारका उद्योग, पर्यटन तथा यातायात मन्त्रीलाई कोहलपुर मै वास बसाउने र बिहिबार कोहलपुरको स्थानीय सरकार, यहाँ स्थित सबै सरकारी कार्यालय प्रमुखहरु, राजनीतिक दलका प्रतिनिधिहरु तथा सरोकारवाला सबै पक्षहरु सँग यातायात कार्यालय कोहलपुरमा स्थानान्तरण गर्ने सम्बन्धमा विभागीय मन्त्री सँग छलफल गरिने कार्यक्रम समेत तय गरेको पौडेलले जानकारी गराए ।

## कोहलपुरमा "पाउडर प्लाण्ट" बनाउन पहल गर्छु : मन्त्री अधिकारी

भीम रावत
कोहलपुर, कार्तिक/१३




संघिय सरकारका कृषि तथा पशुपन्छी विकास मन्त्री रामनाथ अधिकारीले कोहलपुरमा दुधको "पाउडर प्लाण्ट" बनाउने कामका लागि आफूले सक्दो पहल गर्ने बताएका छन् । मंगलबार कोहलपुरमा नेपाल किसान महासंघले आयोजना गरेको एक अन्तरक्रिया कार्यक्रममा मन्त्री अधिकारी सोप्रतिवद्धता व्यक्त गरेका हुन् । किसान महासंघको ज्ञापन पत्र बुज्दे मन्त्री अधिकारीले सो प्रतिवद्धता जनाएका हुन । अन्तरक्रिया कार्यक्रममा किसानहरुले सरकारले दिने अनुदान वास्तविक किसानले नपाएर राजनीतिक दलका कार्यकर्ताहरु जो पार्टीमा नेताका नजिक छन् उनीहरुले मात्र प्राप्त गरेको बताएका छन् । मन्त्री अधिकारीले मंगलबार नेपालगन्ज दुग्ध वितरण आयोजना कोहलपुरको पनि अवलोकन गरेका छन् । आयोजना प्रमुख दिलिप चौधरीले आयोजनाका बारेमा जानकारी गराएका थिए । मन्त्री अधिकारीले मंगलबार नै नेपाल कृषि अनुसन्धान परिषद कृषि अनुसन्धान निर्देशनालय खजुराको निरीक्षण गर्दै किसानसंग नजिक हुने र उत्पादन वृद्धि गर्ने गरी काम गर्नुपर्ने आवश्यकता औंल्याए । उनले कृषि वैज्ञानिक र प्राविधिकहरुलाई नयाँ नयाँ रोग र समस्या पत्ता लगाउनतर्फ केन्द्रित हुन आग्रह गरे । "कृषि वैज्ञानिक र प्राविधिकहरु कृषि कर्म गर्नेहरुका अभिभावक हो, त्यसैले उहाँहरुसंग निरन्तर साक्षात्कार गर्नुस्, "मन्त्री अधिकारीले भने- "कृषि सुधार्न तपाईंहरुको अहम भूमिका छ ।" मन्त्री अधिकारीले कृषि विकासमा देखिएका थुप्रै समस्या सुधार गर्न पर्यत्न भइरहेको बताए । नेपाल कृषि अनुसन्धान परिषद (नार्क) का समस्या चाँडो भन्दा चाँडो व्यवस्थापन गर्ने गरी काम भइरहेको उनले जानकारी दिए ।

## एकपटक पुग्नै पर्ने पर्यटकीय गन्तव्य लोलुङ्ग भञ्ज्याङ्

नमस्ते समचारदाता
हुम्ला, कार्तिक/१३



चीनको सिमाना सँग जोडिएको हुम्ला जिल्लाको नाम्खा गाउँपालिकाको उत्तरी सीमानामा रहेको लाप्चा नाका नेपाल र चीनबीचको महत्वपूर्ण नाका हो । यो हुम्लाको सदरमुकाम सिमिकोट देखी करिब १ सय ६ किलोमीटरको दुरीमा रहेको यो नाका करीब ५ हजार २ सय मिटरको उचाइमा पर्छ । यो नाकाबाट चीनको स्वशासित क्षेत्र-तिब्बतको भुभागमा रहेको ऐतिहासिक तथा धार्मिक महत्व बोकेको पवित्र धर्मस्थल-मानसरोवर र कैलाशककुट पर्वतको मनमोहक एवम् रमणीय दृश्यावलोकन गर्ने पाइन्छ । बिहान सबेरै जीप तथा मोटर साइकलमा सदरमुकाम सिमिकोटबाट हिडेमा नाम्खा गाउँपालिका-६ मा पर्ने टाक्ची वा तोलुङ्को स्थानीय होटेलमा बास बसेर सोही सवारी साधनबाट भोली पल्टको बिहानै करीब २ घण्टाको समय पार गरेपछी लाप्चा नाकामा पुगिन्छ । सिमिकोटबाट लाप्चाका लागि भ्रमणमा जादा बिचबाटोमा रमणीय जङगल, लोपोन्मुख जङगली जनावरहरु, विभिन्न प्रजातिका चराचुरुङ्गी, चट्टान तथा पहाडका आकर्षक दृश्य एवम् रमणीय भ्यालीको दृश्यावलोकन गर्न पाइन्छ । यात्राको क्रममा बाटोमा पाइने च्याछहरा झर्ना, चुइगुल, चुचुरा (जोग्राफी च्यानलमा समेत प्रसारित हुनेगरेको), छुङ्सा भ्याली, सेलीमा ताल, न्यालु लेक, सास्कृतिक सङ्ग्राहलयरुपी लिमी भ्याली, नजिकैबाट जंगली चौरी,नावरका बथान, जंगली घोडा, च्याखुरा, डाँफे लगायतका विभिन्न जातिका चराचुरुङ्गी,विभिन्न प्रजातिका बिरुवा,फूल, जडीबुटी एवम् विभिन्न भ्यालीको दृश्यावलोकन समेतगर्न पाइन्छ । जसबाट यात्राको थकानसमेत मानिसले बिर्सन्छ र मन आनन्द हुन्छ । यसको साथै स्थानीय भेषभुषा एवम् सस्कृतिको बारेमा पनि हेर्न र बुझ्न पाइन्छ । यहाँ आउने आन्तरिक तथा बाह्य पर्यटकको संख्या पनि दिनप्रतिदिन बढिरहेको पाइन्छ । यस्तो महत्वपूर्ण ठाउँको जो कोहीले पनि अध्ययन भ्रमण गर्न सके अत्यन्त उपलब्धिमुलक हुन सक्ने कुरामा दुई मत छैन । अत्यन्त धेरै महत्व बोकेको लाप्चा नाका स्थान सम्म जाने-आउने सडकको बिस्तार एवम् स्तरोन्नति गर्न/गराउनका सकेमा यो स्थान अन्तराष्ट्रिय पर्यटकको समेत महत्वपूर्णगन्तव्य हुन सक्ने भएकाले यसका लागि तीनवटै तहका सरकारको गम्भीर रुपमा ध्यान जान आवश्यक रहेको एमाले कर्णाली प्रदेश इन्चार्ज समेतरहेका गोरख बहादुर बोगटी बताउछन् ।

नमस्ते कर्णाली विज्ञापन एजेन्सी
www.namastekarnali.com

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि. द्वारा संचालित नमस्ते कर्णाली राष्ट्रिय दैनिक, नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक, namastekarnali.com मा विज्ञापन, सुचना, बोलपत्र आवह्वान सम्बन्धी सुचना, कर्मचारी भर्ना सम्बन्धी सुचना, जनहितमा जारी सुचना आदी प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोला।

नमस्ते कर्णाली राष्ट्रिय दैनिक | नमस्ते कर्णाली राष्ट्रिय साप्ताहिक | नमस्ते कर्णाली डटकम

नमस्ते कर्णाली मल्टिमिडिया प्रा.लि.
सम्पर्क : कोहलपुर-११, बाँके
ब्युरो कार्यालय : सुर्खेत शाखा कार्यालय हुम्ला, मुगु, बाजुरा, कालिकोट, जुम्ला, सल्यान, जाजरकोट
कोहलपुर : ९८४७८४६९०३ हुम्ला : ९८६८३९६३३२ मुगु : ९८६८३७०८०५ बाजुरा : ९८६५६६८०९९
कालिकोट : ९८६५६६८०९९
FOLLOW US
: namastekarnali2068@gmail.com
: namastekarnali.com

जन्म, मृत्यु, विवाह, बसाइँ सराइँ र सम्बन्ध बिच्छेदलगायतका व्यक्तिगत घटनाहरु भएको ३५ दिनभित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।
ताँजाकोट गाउँपालिका
हुम्ला

सत्यवाणी :

भौतिक तथा व्यवसायीक सुरक्षाका लागि पत्रकार एकता नयाँ संविधानमा पूर्ण प्रेस स्वतन्त्रता । – नेपाल पत्रकार महासंघ

# सम्पादकीय

## आफ्नै निर्णय कार्यान्वयन गराउन सक्दैनन्

नेपालका अहिलेका राजनीति दल र यिनीहरुका सबै तहका सरकारहरु सरकारको तर्फबाट निर्णय गराउने, आदेश दिने तर कार्यान्वयन भएको नभएको कुनै मतलब नगर्ने वा गर्न नचाहने। यो प्रवृत्ति माथि देखि तल सम्म कै सरकारमा कायम छ। सरकारको यो प्रवृत्तिका कारण हरेक सरकारहरु जनताको नजरमा दिन प्रतिदिन साख गिराउदै गैरहेका छन् । आफूले निर्णय गरेका कुराहरु कार्यान्वयन गर्न सकिदैन भने बरु निर्णय नै नगर्दा उपयुक्त हुन्छ । कोहलपुर नगरपालिका, नगरकार्यपालिकाको निर्णय भनेको स्थानीय सरकारको निर्णय हो । सरकारले निर्णय गरे पश्चात त्यस्ता निर्णयहरु कार्यान्वय गर्नु गराउनु पर्दछ । कार्यान्वयन नहुँदा सरकारको क्षमता प्रति नै प्रश्न उठ्छ भने अर्को तिर सरकार प्रति जनताको विश्वस्नियता घट्दै जान्छ। कोहलपुरको स्थानीय सरकारले कार्तिक ४ गते कोहलपुर नगरपालिका क्षेत्रमा प्लाष्टिकजन्य सामाग्रीहरु जस्तैः फूलगुच्छा तथा मालाहरुको बिक्रीवितरणमा रोक लगाउने निर्णय गरेको थियो । उनको यो निर्णय समयमनुकूल, स्वभाविक र स्वागतयोग्य नै थियो। किनभने हिन्दु नेपालीको दोश्रो ठूलो पर्व तिहारमा फूलमालाहरु बढी आवश्यक हुने पर्व हो। यति बेला नै हो बजारमा प्लाष्टिकजन्य सामाग्रीहरुको भण्डारण तथा बिक्री वितरण हुने । यही बेला नै स्थानीय सरकारले यस्तो रोक्ने निर्णय गर्नु समय सामन्दर्भिक नै हो। तर कार्यान्वयनमा तदारुकता देखिएको छैन। अहिले बजारमा प्लाष्टिकजन्य फूलमालाहरु प्रसस्त देखिन्छन्। स्थानीय सरकारको अनुगमन छैन। ब्यापारीहरु निर्धक्क प्लाष्टिकजन्य फूलमालाहरु आफ्नो पसलमा खुलेआम राखेर बिक्री वितरण गर्दै आइरहेका छन्। स्थानीय सरकारको निर्णय कार्यान्वयन भएको हुन्थ्यो भने अहिले ती प्लाष्टिकका फूलमालाहरु बजारमा नदेखिनु पर्ने हो । एका तिर प्लाष्टिकजन्य फूलमालाहरुको प्रयोगले मानव स्वास्थ्यमा प्रतिकूल असर पुऱ्याउछ भने अर्को तिर वातावरणलाई पनि प्रदुषित पार्दछ।

# युवा पलायनले पिल्सिएको लोकतन्त्र



**लेखनाथ पाण्डे**

युवा विस्थापनले मुलुकमा महँगी, भ्रष्टाचार, अराजकता र स्वार्थका लेनदेनको सशक्त विरोध हुन छाडेको छ । 'सिभिक स्पेस' दलीयकरणले थला परेकै थियो । दलीय जुवामा नरारिएका सचेत नागरिकले ऐनमौकामा सञ्जालमार्फत आवाज चर्काउँछन् । तर, दलीय कार्यकर्ता र साइबर 'ट्रोलिङ' ले तिनका आवाज ओझेल परेका छन्। चाडको मुखमा समेत युवा पलायनका खबर छाएका छन् । अध्यागमन विभागको तथ्यांकअनुसार गत आर्थिक वर्ष ८ लाख ७ हजार युवा रोजगारीका लागि बिदेसिएका थिए। यो गैरकानुनी रूपमा, बसाइँसराइ तथा उच्च शिक्षाका लागि बाहिरिने नेपालीबाहेकको हो । राष्ट्र बैंकका अनुसार गत वर्ष १४ खर्ब ४५ अर्ब रुपैयाँ विप्रेषण भित्रियो, जुन अघिल्लो सालभन्दा २३ प्रतिशत बढी हो। वैदेशिक रोजगारीले अर्थतन्त्रमा जति योगदान पुऱ्याएको छ, त्यसभन्दा कैयौं ज्यादा अर्थ-सामाजिक प्रभाव देखिँदै छ । हाम्रा गाउँघर रित्तिएका छन् । कृषियोग्य जमिन बन्जर बनेका छन् । शैक्षिक संस्था खाली भएका छन् । बिहेभोजमा बेहुलाबेहुलीबाहेक ३५ ननाघेका विरलै भेटिन्छन् । जन्मदर घट्दो छ। कृषिप्रधान मुलुकमा भान्साका अधिकांश सामान आयातमा निर्भर छ । स्वदेशी उत्पादनले नधान्दा तथा भारतबाट नआउँदा बजारमा तरकारीको भाउ छोइनसक्नु छ । अध्ययन तथा कामका सिलसिलामा विदेशिने प्रचलन नौलो होइन । आधुनिक चस्माले हेर्दा, सिद्धार्थ गौतम पनि 'अब्रड स्टडी' का लागि परिवार र राजकाज त्यागेर दक्षिण झरेका थिए । बाह्य रोजगारीका सन्दर्भमा भने सन् १८१६ को सुगौली सन्धिलाई कोसेढुंगाका रूपमा लिन सकिन्छ । उक्त सन्धिलगत्तै करिब ४,६५० नेपाली ब्रिटिस फौजमा भर्ती भएका थिए । पछि, भारतको स्वतन्त्रतासँगै नेपाली युवालाई भारतीय सेनामा समेत भर्ती गर्ने प्रबन्ध गरियो । हिजोआज विदेशी छाउनीका लाहुरेलाई वैदेशिक रोजगारीका रूपमा हेरिँदैन। बरु, यो स्थान खाडी राष्ट्र, मलेसिया, जापान, कोरिया, इजरायललगायत मुलुकमा श्रम सिञ्चिने नेपालीजनले लिएका छन् । नेपालमा प्रजातन्त्र पुनःस्थापनाका साथै विश्वव्यापी उदारीकरण, प्रजातन्त्रीकरण एवं भूमण्डलीकरणको लहरसँगै विदेशी भूमि नेपालीका लागि श्रम गन्तव्य बन्न पुगेको हो । माओवादी सशस्त्र विद्रोह चर्किएपछि स्वदेशमा रोजगारीका अवसर खुम्चियो । तत्कालीन सत्ताले वैदेशिक रोजगार प्रवर्द्धन बोर्ड नै गठन गरेर बाह्य रोजगारीलाई प्रश्रय दियो। यसमा राज्यको मकसद स्पष्ट थियो । पहिलो, विप्रेषण भित्रिने भयो। दोस्रो, ती बेरोजगार युवा बाहिर गएपछि माओवादी विद्रोहप्रति आकर्षित होलान् कि भन्ने भय पनि रहेन। तत्कालीन परिस्थितिमा सत्ताको रणनीति अनुचित ठान्न नसकिएला । तर, समयक्रमसँगै हामी वैदेशिक रोजगारीप्रति यति आश्रित भयौं, अब 'विप्रेषण चक्र' तलमाथि पर्नासाथ अर्थतन्त्र डामाडोल हुने स्थिति छ।

**पलायनको प्रवर्द्धनमा राज्य संयन्त्र**

जनशक्ति पलायनको राजनीतिक परिणाम उत्तिकै छ। यथार्थमा, यसको मुख्य कारण नै राजनीति हो । र, दुष्परिणाम पनि राजनीतिले सबैभन्दा बढी बेहोर्दै आएको छ । यद्यपि, यसबारे मिडिया र सार्वजनिक मञ्चहरूमा विरलै विमर्श हुन्छ । पलायनका अनेक आयाम र कारण छन् । आमबोलीमा सुनिन्छ, नेपालमा सिस्टम छैन, भनसुनबिना काम हुँदैन । विश्वविद्यालयहरू यसका ऐना हुन् । उदाहरणका लागि त्रिवि आफैंले शैक्षिक प्रमाणपत्रमा बिगारिदिएको नाम सच्याउन विद्यार्थीले जरिवाना तिरेरमात्र पुग्दैन, कैयौं दिन धाउनुपर्छ । बलात्कारको उजुरी लिएर प्रहरी चौकी पुग्दा जाहेरी दर्ता नगरेका समाचार दोहोरिरहन्छन् । प्रशासनिक संयन्त्रको 'एप्रोच' सेवाग्राहीका समस्या सुल्झाउनेभन्दा पनि अल्झाउने किसिमको छ । शून्यसरह सुविधा भए पनि २ सय ५० प्रतिशतसम्म सवारी कर र भन्सार असुलिन्छ। विडम्बना के भने, सडक कर बुझाउँदा समयमा पालोका लागि बिचौलियालाई 'दक्षिणा' चढाउनुपर्छ। अर्थतन्त्रको मुख्य आधार उद्योग-व्यवसाय होइन, घरजग्गा कारोबार बनाइएको छ । इमानदारी र पसिनाको कमाइले राजधानीमा चार आना घडेरी जोड्दा जीवन सकिन्छ । शक्तिशाली सरकार भए पनि जनताले राहत महसुस गर्न पाएका छैनन् । तथ्यांकमा मूल्यवृद्धि घटेको देखिन्छ । सरकार यही आँकडा औंल्याएर सफलताको कथा हाल्छ । तर, तीन महिनायता तरकारीमा तीन गुणा मूल्यवृद्धि झेल्नुको पीडा जनसाधारणलाई मात्र थाहा छ। यी प्रतिनिधि प्रसंग हुन्। अनेकौं संस्था, सन्दर्भ, काण्ड छन्, जसले मुलुकप्रति विकर्षण बढाएका छन् । राज्यका प्रत्येक संस्थाको कार्यसम्पादन र सेवाग्राहीप्रतिको व्यवहार देख्दा लाग्छ, ती युवा धपाउन उद्यत् छन् । तथापि, यसको समुच्च कारण रोजगारीको अवसर नहुनु हो । दोस्रो, जनमानसमा 'देशमा भविष्य छ' भनेर आशा जगाउन नसक्नु हो। भाष्य यस्तो बन्दै छ, देशमा अयोग्य र झोलेमात्र बाँकी छन्। यस्तो परिस्थिति र भाष्यका पछाडि मूलतः दृष्टिकोणविहीन राजनीति, दलतन्त्रले गाँजेका संस्थाहरू अनि प्रक्रियामुखी प्रशासनयन्त्र जिम्मेवार छन्। बेरोजगारी समस्या पञ्चायतकालदेखिकै हो । हाम्रोजस्तै अवस्थाका चीन, मलेसिया, दक्षिण कोरिया, अधिकांश खाडी राष्ट्रलगायतको कायापलट भयो । तर, हाम्रो परिस्थिति गुणात्मक रूपले फेरिएको छैन। साढे तीन दशकमा तीन व्यवस्था फेरिए तर नीति, व्यवहार र नियति फेरिएन । रोजगारी सिर्जनाको मुद्दामा राष्ट्रिय सहमति हुनुपर्थ्यो । तर, त्यो अनुदान तथा स्वरोजगार कार्यक्रमका नाममा सेवा निवृत्त कर्मचारी, दलका कार्यकर्ता र आसेपासे पोस्नमा सीमित देखियो । सरोकारवाला सबैको जोड प्रत्यक्ष/परोक्ष रूपमा युवा पलायनलाई प्रोत्साहन गर्ने देखिन्छ। पछिल्ला तीन दशकमा कुनै क्षेत्र फस्टाएका छन् भने ती युवा निर्यातमा संलग्न म्यानपावर व्यवसाय एवं शैक्षिक 'कन्सल्ट्यान्सी' हुन् । माओवादी विद्रोहताका राज्यसत्ताको प्रश्रयमा सुरु भएको युवा पलायन २०६२/६३ को दोस्रो जनआन्दोलन र शान्ति प्रक्रियासँगै क्रमशः कम हुनुपर्थ्यो । कमसेकम, २०७२ सालमा संविधानसभाले मुलुकको मूल कानुन निर्माण गर्ने सात दशकदेखिको आकांक्षा पूरा भएपछि अवश्य घट्नु पर्थ्यो । संविधान जारी भएपश्चात् वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको नाम बदलेर वैदेशिक रोजगार बोर्ड राखियो। यद्यपि, नाममा 'प्रवर्द्धन' शब्द हटे पनि व्यवहारमा कायमै छ । तथ्यांकले देखाउँछ, मुलुकमा भविष्य नदेखर विदेसिनेहरू सालिन्दा बढिरहेका छन् । विगतमा आन्तरिक द्वन्द्व र रोजगारी अभावले मुगलान भासिन्थे । अहिले सेना, प्रहरी, वित्तीय, स्वास्थ्य एवं अध्यापन क्षेत्रमा हुँदा खाँदाका जागिर त्यागेर मातृभूमि छाड्नेहरू उल्लेख्य छन् । युवामात्र विदेसिएका छैनन्, पुँजी पलायन पनि सँगसँगै भइरहेको छ । राष्ट्र बैंकको कडाइका बाबजुद जायजेथा बेचेर थालथलो फेर्ने क्रम बढेको छ । सन् २०२३ मा अस्ट्रेलियामा नेपालीहरूले घरजग्गा क्षेत्रमा मात्र १३ अर्ब रुपैयाँ लगानी गर्नु त्यसैको प्रमाण होरु। अल्पविकसित देशको एक टुक्रा घडेरी बेच्दा अमेरिका र अस्ट्रेलियामा घर-गाडीको बन्दोबस्त हुने भएपछि कोही किन दलतन्त्रले गाँजेको देश फर्किन 'जुर्रत' गरोस् ?

*–कान्तिपुर*




जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बुढीगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुल्देवमाण्डौ, बाजुरा


जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

# बाँकेमा डेंगु सङ्क्रमण बढ्दो

■ नमस्ते समचारदाता
बाँके, कार्तिक/१३




भारतसँग सिमाना जोडिएको बाँके जिल्लामा ३४८ जना डेंगुबाट सङ्क्रमित भएको स्वास्थ्य कार्यालय बाँकेले जनाएको छ। स्वास्थ्य कार्यालय बाँकेका किटजन्य रोग फोकल पर्सन दुर्गा गौतमले बाँकेमा पछिल्लो समयमा डेंगुबाट सङ्क्रमित हुनेहरू निरन्तर बढ्दै गएको जनाउँदै गत तीन महिनामा मात्र ३४८ जनालाई डेंगु सङ्क्रमण भएको बताउनुभयो। चालु आर्थिक वर्ष २०८१-०८२ को साउनदेखि असोज मसान्तसम्म ३४८ जना डेंगुबाट सङ्क्रमित भएपछि अवस्था अति नै गम्भीर बन्दै गएको देखिएको जनाउँदै किटजन्य रोग फोकल पर्सन गौतमले यस्तै रहे अवस्था भयावह बन्न सक्ने बताउनुभयो। जिल्लामा गत आर्थिक वर्ष २०८०-०८१ मा वर्षभरि गरेर ३९४ जना डेंगी सङ्क्रमित फेला परेको जनाउँदै स्वास्थ्य कार्यालयले यस वर्ष भने यो संख्या दोब्बर भन्दा बढी पुग्ने देखिएको बताउनुभयो। लामखुट्टेको टोकाइबाट सर्ने डेंगीको सङ्क्रमण बाँकेमा भने चालु आर्थिक वर्षमा अस्वाभाविक ढङ्गले बढेको देखिएको छ। किटजन्य रोग फोकल पर्सन गौतमका अनुसार सङ्क्रमित ३४८ जनामध्ये १९५ जना नेपालगन्ज उपमहानगरपालिकाका हुनुहुन्छ भने अरू अन्य सात पालिकाका सङ्क्रमित छन्। उहाँले पालिकामा भएका अन्य सङ्क्रमितहरूको तथ्याङ्क पुष्टि गर्ने काम भइरहेको पनि बताउनुभयो। डेंगुबाट सबैभन्दा बढी प्रभावित नेपालगन्ज उपमहानगरपालिकाले यसको रोकथाम र नियन्त्रणका लागि विभिन्न कार्यहरू गरिरहेको नेपालगन्ज उपमहानगरका स्वास्थ्य महाशाखा प्रमुख रामबहादुर चन्दले बताउनुभयो। डेंगु रोग नियन्त्रणका लागि स्वास्थ्य मन्त्रालयबाट प्राप्त निर्देशन अनुसार खोज र नष्ट गर अभियानलाई प्रभावकारी बनाउनुका साथै सो बारेमा समुदायमा सचेतना फैलाउने काम पनि भइरहेको चन्दले बताउनुभयो। नेपालगन्ज उपमहानगरपालिकाका मेयर प्रशान्त विष्टले डेंगु नियन्त्रण अति नै आवश्यक रहेको जनाउँदै त्यसका लागि सबै उपाय अपनाउन स्वास्थ्य महाशाखालाई निर्देशन दिनु भएको छ। बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालले डेंगु रोग नियन्त्रणका लागि राम्रो उपचारसँगै समुदायस्तरमा सचेतना फैलाउन आवश्यक रहेकोले सोही बमोजिम गर्ने काम भइरहेको बताउनुभएको छ। डेंगु रोग नियन्त्रणका लागि लामखुट्टेको बास स्थान खोजी गरी लार्भा र प्यूपा नष्ट गर्ने अभियानलाई प्रभावकारी बनाइनु पर्नेमा विशेष फोकस गरिएको प्रमुख जिल्ला अधिकारी रिजालले बताउनुभयो।

# बाँकेमा राति १० बजेसम्म देउसी खेल्न पाइने

■ नमस्ते समचारदाता
बाँके, कार्तिक/१३



भारतसँग नाका जोडिएको बाँके जिल्लाको शान्ति सुरक्षाको अवस्थालाई मध्यनजर गरेर बाँकेमा प्रहरी प्रशासनले दसैंजस्तै तिहारका लागि पनि सुरक्षा व्यवस्था कडा बनाएको छ। तिहार र दीपावलीको समयमा जुवातास, पटाका आयात गर्ने, पड्काउने र मादक पदार्थ सेवन गरेर होहल्ला गर्ने कार्यहरू बढी हुने गरेकोले सुरक्षा व्यवस्था कडा पारिएको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ। जिल्ला प्रहरी कार्यालय बाँकेका प्रवक्ता एवं डिएसपी आयुसप्रसाद जोशीले जिल्लाको सुरक्षा व्यवस्था बलियो बनाउन पटाका आयात र पड्काउने तथा जुवातास विरुद्ध विशेष अभियान सञ्चालन गरिएको जनाउँदै देउसी भैलोको पनि समय निर्धारित गरिएको बताउनुभयो। उहाँले दसैँ र तिहारका लागि जिल्ला प्रहरी कार्यालयले तयार पारेको सुरक्षा योजना अनुसार नै सुरक्षा व्यवस्था मिलाइएको जनाउँदै सोही बमोजिम जिल्लामा करिब एक हजार प्रहरी परिचालन गरिएको बताउनुभयो। बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले बाँके जिल्ला शान्ति सुरक्षाको हिसाबले निकै संवेदनशील जिल्ला भएको जनाउँदै सोही बमोजिमको सुरक्षा प्रबन्ध मिलाइएको बताउनुभयो। उहाँले राति १० बजेपछि देउसीभैलो खेल्न पनि निषेध गरिनुका साथै पटाका आयात, बिक्री र पड्काउन समेत रोक लगाइएको र जुवातासमा पनि कडा निगरानी बढाइएको बताउनुभयो।

# स्कुल बसले ठक्कर दिँदा दुई जनाको मृत्यु

■ नमस्ते समचारदाता
कपिलवस्तु, कार्तिक/१३

कपिलवस्तुको बुद्धभूमि नगरपालिकामा स्कुल बसले मोटरसाइकललाई ठक्कर दिँदा दुई जनाको मृत्यु भएको छ। नगरपालिकाको वडा नम्बर २ पुरेनामा मंगलबार दिउँसो भएको दुर्घटनामा सोही नगरपालिका वडा नम्बर ३ घन्चौराका पवन थापा र वडा नम्बर ४ मनिस थारुको मृत्यु भएको इलाका प्रहरी कार्यालय गोरुसिङ्गेका प्रहरी निरीक्षक वीरबहादुर सुनारले जानकारी दिनुभयो। गोरुसिङ्गेबाट पुरेनातर्फ जाँदै गरेको लु १ ख ९०९२ नम्बरको स्कुल बसले उत्तरबाट दक्षिणतर्फ आउँदै गरेको लु ६६ प ४८७५ नम्बरको मोटर साइकललाई ठक्कर दिएको थियो। दुर्घटनाका घाइते थापालाई उपचारको लागि कपिलवस्तु अस्पताल तौलिहवा र थारुलाई चौराहा अस्पताल बुटवल लगिएको थियो। अस्पतालका चिकित्सकले दुवै जनालाई मृत घोषणा गरेको प्रहरीले जनाएको छ।

# संख्या नपुगेपछि विद्यार्थी स्थानान्तरण

■ नमस्ते समचारदाता
दैलेख, कार्तिक/१३



पचास प्रतिशतभन्दा कम विद्यार्थी भर्ना भएको भन्दै यहाँको एक कलेजबाट विद्यार्थीलाई स्थानान्तरण गर्ने तयारी गरिएको छ। कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुर चितवनको आङ्गिक क्याम्पसका रूपमा रहेको दुल्लुको प्राकृतिक स्रोत व्यवस्थापन कलेजका विद्यार्थीलाई स्थानान्तरण गर्ने तयारी भएको हो। कृषि तथा वन विज्ञान विश्वविद्यालय कृषि सङ्काय डिनको कार्यालयले एक सूचना जारी गरी गत असोज १९ गते लिएको (बिएससी एजी) विद्यार्थी भर्ना कायक्रममा प्राकृतिक स्रोत व्यवस्थापन कलेज दुल्लुमा ५० प्रतिशतभन्दा कम विद्यार्थी भर्ना भएकाले मेरिटका आधारमा विद्यार्थी स्थानान्तरण गर्न लागिएको हो। गत साउन २७ गते कृषि स्नातक (बिएससी एजी) तहको प्रवेश परीक्षासम्बन्धी प्रकाशित सूचनाको बुँदा नं. १५ मा आङ्गिक कलेजमा भर्ना संख्याको ५० प्रतिशत कम विद्यार्थी भर्ना भएमा ती विद्यार्थीलाई कृषि सङ्कायले निर्धारण गरेको मेरिटका आधारमा स्थानान्तरण गरी अध्यापन गराइने भन्ने व्यवस्थाबमोजिम विद्यार्थी स्थानान्तरण गर्न सूचना प्रकाशन गरिएको विश्व विद्यालयले जनाएको छ। कृषि तथा वन विज्ञान विश्वविद्यालय कृषि सङ्काय डिन प्राडा अर्जुनकुमार श्रेष्ठले विद्यार्थी भर्ना कम भएको र भर्ना सूचना प्रकाशित गर्दा नै उल्लेख गरिएको बुँदा नं. १५ अनुसार विद्यार्थीलाई मेरिटका आधारमा स्थानान्तरण गर्न सूचना जारी गरेको बताउनुभयो। उहाँले विद्यार्थी संख्या कम भएको र शिक्षकको तलब व्यवस्थापनसमेत समस्या भएका कारण आफूहरूले स्थानान्तरणका लागि सूचना प्रकाशन गरिएको जानकारी दिनुभयो। उहाँले भन्नुभयो, “यो वर्ष विद्यार्थी भर्ना कम भएकै कारण प्राकृतिक स्रोत व्यवस्थापन कलेजमा कक्षा सञ्चालन गर्न सकेनौं।” कर्णाली प्रदेशमा एक मात्र आङ्गिक कृषि क्याम्पसका रूपमा रहेको प्राकृतिक व्यवस्थापन कलेज सञ्चालन गर्न कर्णाली प्रदेश सरकारले त्यसको अगुवाइ गरी बजेट विनियोजन गरेको खण्डमा आफूहरूले त्यसको गुणस्तरको निरीक्षण गर्न सक्ने प्राडा श्रेष्ठको भनाइ छ। कलेजमा विद्यार्थी भर्ना कम भएकै कारण कलेज नै बन्द गरी विद्यार्थी स्थानान्तरण गर्न लागिएको भन्दै दुल्लु नगरपालिकाले कृषि तथा वन विज्ञान विश्वविद्यालयका उपकुलपतिलाई पत्र लेख्दै कलेजको कक्षा सञ्चालनका लागि पत्राचारसमेत गरेको छ। दुल्लु नगरपालिकाले लाखौं रुपियाँ लगानी गरेको कलेज बन्द गर्न लाग्नुले विश्वविद्यालय राजनीतिबाट प्रेरित भएको आरोप लगाएको छ। दुल्लु नगरपालिकाका नगरप्रमुख भरत रिजालले नगरपालिकाको पहलमा कलेज स्थापना गर्न एक सय रोपनी जग्गा दान गरेको, भौतिक संरचना निर्माण गरिएको, दुई वटा शैक्षिक भवन, एउटा प्रशासनिक भवनलगायतका संरचना निर्माण भइसकेको अवस्थामा विद्यार्थी स्थानान्तरण गर्न लाग्नु दुःखद भएको जनाउनुभयो। उहाँले नगरपालिकाले कलेजलाई विभिन्न सहयोग गरिरहेको र यो आर्थिक वर्षमा मात्र पाँच लाख रुपियाँ विनियोजन गरिएको जानकारी दिनुभयो। त्यस्तै पूर्वसांसद राजबहादुर बुढालगायतका नेताले शिक्षा विज्ञान तथा प्रविधिमन्त्रीलाई पत्र लेख्दै कलेज सञ्चालनका लागि पहल गरिदिन अनुरोध गर्नुभएको छ। उहाँहरूले दुल्लु नगरपालिका-१३ मा रहेको सो कलेजमा कक्षा सञ्चालन, आवश्यक शिक्षक दरबन्दीलगायतको भौतिक व्यवस्थापन मिलाइदिनसमेत अनुरोध गरिएको छ। कलेजमा भर्ना भएका विद्यार्थी मेरिटका आधारमा अन्य कलेजमा स्थानान्तरण गर्न लागेपछि धेरै विद्यार्थीमा अन्योल छाएको त्यहाँ अध्ययनरत विद्यार्थीले बताएका छन्। विद्यार्थीले घरआँगनमै पढ्न पाउने आफ्नो हकलाई समेत कृषि, वन विज्ञान विश्वविद्यालये सुनिश्चितता गर्न नसकेको आरोप लगाएका छन्।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईंहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:

आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा
बम्पर उपहार

रंगिन टिभी एकजनालाई

१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
जि.प्र.का.बाँके दर्ता नं १६२/०७९/८०
जिल्ला हुलाक नं. २९/०८१-०८२


# रणनीतिक योजना बनाउँदै लोकसेवा आयोग

नमस्ते समचारदाता
सुर्खेत, कार्तिक/१३




कर्णाली प्रदेश लोकसेवा आयोगले 'रणनीतिक योजना' बनाउन लागेको छ। आयोगको संस्थागत विकासका लागि रणनीतिक योजना बनाउन लागिएको हो । आयोगको विश्वसनीयतालाई कायम राख्ने, योग्यता प्रणाली निर्धारण गर्ने, प्रशासनिक जनशक्तिलाई प्रविधिमैत्री बनाउने लगायत विषय अघि सारिएको छ । रणनीतिक योजना निर्माणका लागि आयोगले विभिन्न चरणमा छलफल गरिरहेको छ। अहिले आयोगको रणनीतिक योजना कस्तो हुने, कति वर्षको बनाउने र कुन-कुन विषय समेट्ने भन्नेबारे छलफल भइरहेको आयोगले जानकारी दिएको छ। सरकारले चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा समेटेर योजना निर्माण गर्न लागेको हो। प्रदेश लोकसेवा आयोगको संस्थागत विकासका लागि आयोगले रणनीतिक योजना निर्माण गर्ने सरकारले आफ्नो नीति तथा कार्यक्रम र बजेटमा राखेको छ। रणनीतिक योजना निर्माणका विषयमा विभिन्न चरणमा छलफल भइरहेको प्रदेश लोकसेवा आयोगका सूचना अधिकारी चन्द्रवीर शाहीले बताउनुभयो । उहाँका अनुसार योजना आयोगको कामको विवरण, जनशक्तिको प्रयोग, क्षेत्राअधिकार लगायतका विषय समावेश गरिनेछ। प्रदेशको रणनीतिक योजना कस्तो बनाउने, कति वर्षको बनाउने भन्ने विषयमा समेत छलफल भइरहेको उहाँको भनाइ छ।

**स्थानीय सेवा ऐन अनुरूप आयोगले काम गर्ने**

प्रदेश लोक सेवा आयोगले स्थानीय सेवा ऐन अनुरूप काम गर्ने जनाएको छ। यसअघि प्रदेशको ऐन नबन्दा आयोगको काम समेत प्रभावकारी हुन सकेको थिएन । स्थानीय तहमा कार्यरत कर्मचारीहरूको वृत्ति विकास र नागरिक सेवा प्रवाहसँग सम्बन्धित रहेर स्थानीय सेवाको गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा बनेको विधेयक-२०८१ जारी भएको छ । आयोगले उक्त ऐनबमोजिम नै रणनीतिक योजना निर्माण गर्ने र सोहीअनुसार काम गर्ने समेत सूचना अधिकारी शाहीले बताउनुभयो । कर्णाली प्रदेश सरकारले प्रदेश राजपत्रमा असोज २९ गते प्रकाशित गरी कर्णाली प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन २०८१ जारी गरेको छ। जम्मा एक सय ४० वटा दफा रहेका छन् । नेपालको संविधानको धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालयसम्बन्धी व्यवस्था प्रदेश कानुनबमोजिम हुने भनिएको छ । सोहीअनुसार कर्णाली प्रदेशभित्रका स्थानीय तहबाट हुने सेवा प्रवाहका लागि आवश्यक कर्मचारी समेतको व्यवस्था गरी स्थानीय सेवालाई सक्षम, सुदृढ, उत्तरदायी, व्यावसायिक, निष्पक्ष र प्रभावकारी बनाउन कानुन व्यवस्था गर्न आवश्यक भएकाले ऐन ल्याएको प्रदेश सरकारले जनाएको छ।

**ऐनमा के छ व्यवस्था ?**

स्थानीय तहको प्रशासन सञ्चालन गर्न स्थानीय सेवाको गठन, सञ्चालन र सेवाको सर्त तथा कर्मचारीको व्यवस्थापन सम्बन्धनमा मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रमुख निकायको रूपमा काम गर्नेछ। यो ऐन र यसअन्तर्गत बनेको नियममा उल्लेख भएका बाहेक कर्मचारी प्रशासनसम्बन्धी अन्य काम मुख्यमन्त्री कार्यालयको स्वीकृति लिएर मात्र गर्नुपर्ने ऐनमा उल्लेख गरिएको छ । स्थानीय सेवाको गठन गर्दा स्थानीय इन्जिनियरिङ, कानुन, कृषि, प्रशासन, विविध, शिक्षा तथा स्वास्थ्य सेवा गरी सात वटा स्थानीय सेवा रहनेछन् । यसैगरी अधिकृतस्तर छैठौं, आठौं र दशौं तहमा शतप्रतिशत स्तरवृद्धिबाट पदपूर्ति गरिनेछ । खुला प्रतियोगितामा समावेशीतर्फ खस आर्य ४५, दलित २२, आदिवासी जनजाती १२, पिछडिएको १२, अपाङ्ग पाँच, मधेशी मुश्लिम दुई र थारु दुई प्रतिशतका दरले कोटा कायम गरिएको छ । कर्मचारीको उमेर हद ६० वर्ष कायम गरिएको छ । समायोजन भइ आएका कर्मचारीको हकमा साविक ऐनबमोजिम हुनेछ । सरकारी सेवाबाट समायोजन ऐन बमोजिम स्थानीय तहमा समायोजन भएका कर्मचारीले साविक बमोजिम निवृत्तिभरण पाउनेछन् । कर्मचारीले भैपरी पर्व, घर, बिरामी, प्रसूति स्याहार, किरिया, विवाह, पर्यटन, अध्ययन र असाधारण गरी १० प्रकारका बिदा पाउनेछन् । यसैबीच प्रदेश लोक सेवा आयोग आफैंले जनशक्ति अभाव झेलिरहेको छ। दरबन्दी अनुसार पर्याप्त कर्मचारी नहुँदा आयोगले जनशक्तिको अभाव झेल्नु परेको हो। प्रदेश लोकसेवा आयोगमा ४९ स्थायी दखरबन्दी रहेको छ।

# धानमा कालो पोके किराको प्रकोप

नमस्ते समचारदाता
बाँके, कार्तिक/१३



बाँके जिल्लाको कोहलपुर-१३, भरैयामा पाकेर काट्नका लागि तयार भएको धानबालीमा कालो पोके किराको प्रकोप देखा परेपछि किसान चिन्तित बनेका छन्। सो क्षेत्रका किसानहरूले लगाएको सावा मन्सुली प्रजातिको धानमा कालो पोके किराको प्रकोप देखा परेको किसानहरुले जानकारी गराएको कोहलपुर नगरपालिकाको कृषि विकास शाखाले जनाएको छ। कोहलपुर नगरपालिकाको कृषि विकास शाखाका अधिकृत चन्द्र बुढाले कोहलपुरको धान उत्पादन हुने क्षेत्रमा लगाइएको धानमा कालो पोके किराको व्यापक प्रकोप फैलिएकोले उत्पादनमा ठूलो असर परेको जानकारी आएको बताउनुभयो । उहाँका अनुसार किसानले कटान गर्न तयारी अवस्थामा रहेको धानमा किरा लाग्दा ठूलो क्षति बेहोर्नुपरेको छ । कोहलपुर-१३ का कृषक कमल वलीले चार का क्षेत्रफलमा लगाएको धानबालीमा पोके किराले क्षति गरेको जनाउँदै यो समस्याबाट अन्य किसान पनि प्रभावित भएको बताउनुभयो । उहाँले धानमा कालो पोके किराले धेरै जनाको खेतमा नोक्सानी पुर्याएको बताउनुभयो । किसानहरुका अनुसार कालो पोके किराले धानको बोटलाई आक्रमण गरी भित्रभित्रै नष्ट पार्ने गर्छ । यो किराले धानको बोक्रामा कालो धब्बा बनाउँदै बोटको पोषण तन्तुलाई नष्ट गरिदिन्छ । जसले गर्दा बोट कमजोर भई बालीमा बालाको विकास हुन सक्दैन । यो किरा हरेक वर्ष धान कटानको समयमा देखिने भएकाले यसबाट जोगिने ठोस समाधान खोज्नु पर्ने माग किसानले गरेका छन् । उता, कोहलपुर नगरपालिकाका कृषि विकास शाखाका अधिकृत बुढाले यस समस्याको समाधानका लागि उपचार गरिएको बीउ प्रयोग गर्ने, जैविक कीटनाशक र उचित मलको प्रयोग गर्न सुझाव दिनुभएको छ । उहाँले कोहलपुर कृषि विकास शाखाले कृषकहरूलाई सधैँ रोगविरुद्ध प्रतिरोधात्मक उपायहरू अपनाउन, बीउ छानबिन गरी उपयोग गर्न र खेतमा नियमित अवलोकन गर्न सल्लाह दिंदै आएको बताउनुभयो ।

# झोलुङ्गे पुल जीर्ण हुँदा आवतजावतमा समस्या



नमस्ते समचारदाता
हुम्ला, कार्तिक/१३

सर्केगाड गाउँपालिकास्थित सर्केगाड बजारसँगै जोडिएको कर्णाली नदीमाथिको झोलुङ्गे पुल जीर्ण हुँदा आवतजावतमा समस्या भएको छ। वि.सं. २०४० मा निर्माण भएको उक्त झोलुङ्गे पुल मर्मतका लागि कसैले चासो नदिँदा जोखिमपूर्ण अवस्थामा वारपार गर्नुपरेको साया स्वास्थ्य चौकीका इन्चार्ज बबरजङ पालले बताउनुभयो। झोलुङ्गे पुलको दायाँ तर्फको जाली र ला अडाउने पोल नभएका कारण आवतजावत जोखिमपूर्ण बनेको उहाँको भनाइ छ । पुलको बिच भागमा काठ राखिएको छ । काठ पनि कुहिन थालेको स्थानीयले बताएका छन् । यस पुलबाट हाल तीनवटा विद्यालयका विद्यार्थी, इलाका प्रशासनका कर्मचारी, प्रहरी चौकी, इलाका वन कार्यालयका कर्मचारी र सर्वसाधारण दैनिक आवतजावत गर्ने गर्छन् । झोलुङ्गे पुल मर्मत सम्भारमा समयमै ध्यान दिनुपर्ने र यसको विकल्पका रूपमा अर्को पुल निर्माण आवश्यक रहेको स्थानीयले बताएका छन् । यही पुल तरेर इलाका प्रशासन कार्यालयमा दक्षिणी भेगका चारवटा गाउँपालिकाका सेवाग्राही सेवा लिन आवतजावत गर्ने गरेका छन् ।

# मुगुमा पुष्प व्यवसाय फष्टाउँदै

नमस्ते समचारदाता
मुगु, कार्तिक/१३



मुगु जिल्लाको छायाँनाथरारा नगरपालिकाले अतिथि सत्कार लगायत दशैंतिहार, जस्ता शुभ कार्यमा कपडाको खादालगायत प्लाष्टिकका माला, प्रयोगमा प्रतिबन्ध लगाएपछि पुष्प ब्यबसाय शुरू गरिएको छ । दशै तिहारलाई लक्ष्य गरी नगरपालिका नजिकका गाउँमा पुष्प ब्यबसाय शुरू गरिएको हो । पछिल्ला केही बर्ष यता ब्यबसायिक रूपमा पुष्प खेती सुरू भए पछि दशैं, तिहारमा धामी झाँक्रीका लागि फुलका मालाले सम्मान तथा स्वागत गर्न सहज भएको स्थानीय बासिन्दाले बताएका छन् । छायाँनाथ रारा नगरपालिका वडा नं ५ कार्कीवाडाका युवा ब्यबसायी बलचन्द्र कार्कीले पुष्प ब्यबसाय शुरू गरेको ३ बर्ष भयो । गत बर्ष दशै तिहारको बेला फुल बेचेर करिब २ लाख कमाई गरेको उनी बताउँछन् । फूलको माग धेरै भएकाले गत बर्षभन्दा यस बर्ष बढी नै फूल उत्पादन गरेकाले करिब ३ लाखसम्म आम्दानी हुने उनको अनुमान छ । बेरोजगार भएर बिदेशै जानु पर्दैन उनी भन्छन् मेहनेत र परिश्रम गरे नेपालमै सुन फलाउन सकिने कार्कीको अनुभव छ । मौसमे तथा बेमौसमे तरकारी खेती समेत गरेर बर्षमा ७ लाख रूपयाँसम्म कमाउँदै आएका कार्कीले ३ बर्षदेखि सयपत्री फूलको समेत उत्पादन गर्दैं आएका छन् । फूल बेच्न बजार धाउनु नपर्ने र स्थानीय फूल खरिदका लागि उत्पादन स्थलमै आउनाले बजार धाउनुपर्ने उनी बताउँछन् । प्रति फूलको मालाको रू १५० र प्रति केजी फूलको रू ३५० मूल्य कायम गरिएको समेत कार्कीले बताए ।

# पटाका लागेर बालकको मृत्यु

नमस्ते समचारदाता
दैलेख, कार्तिक/१३

दीपावलीको पटाका पड्काउँदा दैलेख घर भएका एक जना बालकको मृत्यु भएको छ। मृत्यु हुनेमा आठबिस नगरपालिका -३ साई गाउँका भीम बहादुरकठायतका १३ वर्षीय छोरा भूपेन्द्र कठायत छन् । दीपावलीको रकेट बम पटाकाको छर्रा उहाँलाई लागेको थियो । दायाँ छातीमा लाग्दा घाइते अवस्थामै अस्पताल लगे पनि चिकित्सकले मृत घोषणा गरेको परिवारका सदस्यले बताएका छन् । मृतक स्थानीय विद्यालयमा कक्षा ६ मा अध्ययनरत थिए । कमजोर आर्थिक अवस्थाकै कारण बुवा आमासँगै भारत गएका थिए। छिमेकी नवकिशोर न्यौपानेका अनुसार ५ छोरी र दुई छोरामध्ये मृतक कठायत जेठो छोरा हुन् । घटना भारतमा भएकाले आवश्यक जानकारी लिने काम भइरहेको जिल्ला प्रहरी कार्यालय दैलेखका प्रमुख (डिएसपी) सुनिल दाहालले बताउनुभयो ।

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
सम्पर्क : ९८४७२४६९०३ इमेल: namastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके